नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजबिराज दैनिक

वर्ष ३१ अंक १९७ २०७८ साल फागुन २४ गते मंगलबार (8 Mar. 2022 Tuesday) मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निजामती अस्पताल 'सुपर... ३ पृष्ठमा : युक्रेनमा रुसको हवाई, जमिन ... ३ पृष्ठमा युक्रेन संकट: रूसी सेनाद्वारा..

# मलेठ घटनाको पाचौं पुण्यतिथिमा सहिद परिवार सम्मानित



**दैनिक समाचारदाता राजबिराज, २३ फागुन ।**

मलेठ घटनाको पाँचौ पुण्यतिथिको अवसरमा सोमबार श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ ।

राजबिराज वडा ९ स्थित मलेठ जोलहरीमा स्थानियबासीहरूले सभाको आयोजना गरि सहिदप्रति श्रद्धासुमन अपर्ण गरेका थिए ।

मलेठ घटनामा प्रहरीको गोली लागि सहादत प्राप्त गरेका पिताम्बर मण्डल, सञ्जन मेहता, बीरेन्द्र महतो, आनन्द साह र इनर यादवका परिबारलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

उक्त श्रद्धाञ्जली सभामा जसपा सप्तरी अध्यक्ष केदार यादब, लोसपा सप्तरी अध्यक्ष सुनिल यादब, राजबिराज नगरपालिका नगरप्रमुख शम्भु प्रसाद यादब र जसपा नेता भिमराज यादबले सहिद परिवारलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

सभामा बोल्दै प्रमुख अतिथि तथा शहिद सन्जन मेहताका बुवा लक्ष्मण मेहताले मलेठ घटना भएको पाँच वर्ष बित्दा समेत दोषीलाई कारबाही नभएको प्रति चिन्ता ब्यक्त गरे ।

लोसपाका स्थानिय नेता रामचन्द्र यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा पुर्वसासंद लक्ष्मी चौधरी, लोसपा केन्द्रीय नेता दिपेन्द्र चौधरी, पुनम यादब, जसपा नेता अमरनाथ मण्डल, जिसस सदस्य लक्ष्मी रजक, राजबिराज वडा ९ का अध्यक्ष शम्भु यादब (लाली), लोसपा नेता बिनोद यादब, जसपा युवा नेता शम्भु यादब, सुरजित सिँह, तारकेश्वर यादब, श्याम यादब, पत्रकार अबधेश झा, शुभचन्द्र झा, लगायत स्थानियबासीहरूले सहिद स्तम्भमा श्रद्धासुमन अपर्ण गरेका थिए भने कार्यक्रमको संचालन लक्ष्मण यादब गरेको सभामा स्वागत मन्तब्य जसपा नेता हरेराम यादबले गरेका थिए ।

बि.स. २०७३ साल फागुन २३ गते नेकपा एमालेले आयोजना गरेको मेचीमहाकाली राष्ट्रिय अभियानका क्रममा सप्तरीको मलेठमा तत्कालिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले बिरोध गरेपछि भएको झडपका क्रममा प्रहरीले गोली चलाउँदा मलेठका सन्जन मेहता, पिताम्बर मण्डल, बिरेन्द्र महतो, प्रसबनीका आनन्द साह र जमुनी मधेपुराका इन्द्रदेव यादबको मृत्यु भएको थियो ।

# मतपत्रमा चुनाव चिन्ह हरियो रङको हुने

**दैनिक समाचारदाता राजबिराज, २३ फागुन ।**

बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको मतपत्रमा चुनाव चिन्ह हरियो रङको हुने भएको छ ।

निर्वाचन आयोगका सूचना अधिकारी सूर्यप्रसाद अर्यालले यो पटक हरियो रङको चुनाव चिन्ह हुने र स्वस्तिक छापको रङ निलो नै हुने बताए ।

२०७४ को चुनावमा सेतो कागजमा निलो रङको चिन्ह थियो । मतदानमा प्रयोग हुने रङ पनि निलो भएकाले उज्यालो कम भएको बेला वा रातको समयमा मतगणना गर्न अप्ठ्यारो भएको थियो । पछिल्लो चुनावमा रातो रङ प्रयोग गरिएको थियो ।

# बैंक तथा बित्तिय संस्था पनि बन्द

**दैनिक समाचारदाता राजबिराज, २३ फागुन ।**


सरकारले मंगलबार अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सार्वजनिक बिदा दिएको छ ।

सो दिवसको अवसरमा बैंक तथा वित्तीय संस्था समेत बन्द रहने भएका छन् ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा बैंक तथा वित्तीय संस्था बन्द रहने जनाएका छन् ।



अनुरोधकर्ता : सप्तकोशी नगरपालिका, सप्तरी



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# युक्रेनमा रुसको हवाई, जमिन र समुद्रबाट आक्रमण

किभ, २३ फागुन (रासस/एएफपी)।

रुसी सेनाले सोमबार युक्रेनी सहरहरूलाई हवाइ, जमिन र समुद्रबाट आक्रमण गरेका छन्। उनीहरूले राजधानी किभमा आक्रमणको तयारी गरिरहेको चेतावनी दिएका छन्। यसबाट आतंकित नागरिकहरू घेरामा परेको मारियुपोलमा फसेका छन्।

निरन्तर जारी रहेको आक्रमणको कारण युक्रेनको सिमानामा १५ लाख भन्दा बढी मानिस शरणार्थीका रूपमा बाहिएका छन्। यद्यपी, अरु धेरै आन्तरिक रूपमा विस्थापित भएका छन् वा रुसी बमबारीले भग्नावशेषमा परेका शहरहरूमा फसेका छन्। उता मस्कोलाई दण्डित गर्ने उद्देश्यले रुसलाई अन्तर्राष्ट्रिय प्रतिबन्धहरू लगाइएका भए पनि आक्रमणलाई कम गर्न भने सहयोग पुगेको छैन। वाशिंगटनले अब युरोपसँग रूसी तेल आयातमा प्रतिबन्ध लगाउने बारेमा छलफल गरिरहेको बताएको छ।

टोकियो र हङकङका बजारहरू ओरालो लागेको यस अवस्थामा ब्रेन्ट कच्चा तेलको मूल्य १४ वर्षकै उच्च बिन्दुमा पुगेको छ। राजधानी किभलगायत देशभरका शहरहरूमा साइरन बज्ने र खार्किभ शहरमा तीव्र हवाई बमबारी जारी रहेको छ। यस शहरहरुमा हालैका दिनमा लगभग निरन्तर आगो लागिरहेको देखिन्छ।

युक्रेनको सशस्त्र बलका जनरल स्टाफले एक विज्ञप्तिमा भनेका छन् 'दुश्मनले युक्रेन विरुद्धको आक्रामक कारबाही जारी राखेको छ, किभ, खार्किभ, चेर्निहाइभ, सुमी र माइकोलायभको घेराबन्द गरिएको छ। रूसले देशको दक्षिणमा पर्ने ओडेसा क्षेत्रको तुज्ली गाउँमा समुद्रबाट गोलाबारी गरेको, क्षेत्रीय सैन्य अधिकारीहरूले जानकारी दिएका छन्। महत्वपूर्ण पूर्वाधार साइटहरूलाई निशाना बनाएको तर मानवीय हताहत भने नभएको जनाइएको छ।

रुसको इन्टरफ्याक्सले रुस समर्थक पृथकतावादी विद्रोहीहरूले कब्जा गरेको सहर लुगान्स्कमा सोमबार बिहान एउटा इन्धन डिपोमा ठूलो विस्फोट भएको जनाएको छ। युक्रेनको खार्किभ एक विश्वविद्यालय र अपार्टमेन्ट ब्लकमा रुसतर्फबाट भएको आक्रमणमा भवनहरु ध्वस्त हुनुको साथै कैयौं व्यक्तिको ज्यान गएको छ।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले बढ्दो विनाश र मृत्युको संख्याको बिरूद्ध आक्रोश व्यक्त गर्दै रसियाली सेनालाई एक सम्बोधनमा जानाजानी गरेको हत्या भन्नुभएको छ। 'हामी माफ गर्दैनौं, भुल्ने छैनौं, हामी हाम्रो भूमिमा यो युद्धमा अत्याचार गर्ने सबैलाई सजाय दिनेछौं,' उहाँले भन्नुभएको छ। उहाँले यो पृथ्वीमा चिहान बाहेक कुनै शान्त ठाउँ हुने छैन पनि भन्नुभएको छ।

यहाँ जारी रहेको करिब बाह्र दिनको लडाइँमा सयौं सर्वसाधारण मारिएका छन् र हजारौं घाइते भएका छन्। संयुक्त राष्ट्रसंघले दोस्रो विश्वयुद्धपछि युरोपको सबैभन्दा द्रुत रूपमा बढ्दो शरणार्थी सङ्कट देखिएको जनाएको छ। युक्रेन र यसका छिमेकी देशहरूमा धेरैजसो महिला र बालबालिका रहेका छन् र उनीहरु शरणार्थीका रुपमा अझबढी संकटमा परेका छन्।

दुवै पक्षले एकअर्कालाई युद्धविराम सम्झौता उल्लङ्घन गरेको आरोप लगाएका छन्। मानव पीडाको विनाशकारी दृश्यहहरु देखिएको छ। सहर छोड्ने एक परिवारले गर्मी वा बिजुली बिना एक हप्ता बिताएको र खाना र पानीको अभाव भएको वर्णन गरेका छन्। 'सडकमा हामीले जताततै शवहरु देख्यौं, रुसी र युक्रेनीहरूलाई हामीले गाडिएको अवस्थामा पनि देख्यौं' एक परिवारले बताएका छन्।

किभ बाहिरको एउटा सानो सहर इरपिनका मेयरले दुई वयस्क र दुई बालबालिकालाई आफ्नो आँखै अगाडि गोली प्रहार गरेर हत्या गरेको आफूले देखेको बताएका छन्। यो निर्दयता हो र तिनीहरू राक्षस हुन् भनेर धेरैले रुसी सेनालाई भन्ने गरेका छन्।

पश्चिमा सहयोगीहरूले रुसी अर्थतन्त्रलाई दबाउन र मस्कोलाई आक्रमण रोक्न दबाब दिन व्यवसाय, बैंक र अर्बपतिहरू विरुद्ध अभूतपूर्व प्रतिबन्ध लगाएका छन्। तर रुसी नेता भ्लादिमिर पुटिनले विश्वव्यापी प्रतिबन्धलाई युद्धको घोषणासँग तुलना गर्नुभएको छ। किभले युक्रेनी राज्यको भविष्यमाथि प्रश्न खडा गरिरहेको छ।

रुसमा पनि युक्रेन आक्रमणको बिरूद्ध विरोध प्रदर्शन जारी छ। असहमति व्यक्त गर्नेहरुलाई कठोर सजायको बावजुद जारी प्रदर्शनको क्रममा १० हजार भन्दा बढी मानिसहरूलाई गिरफ्तार गरिएको छ। सोमबारको लागि तय गरिएको रुसी-युक्रेनी वार्ताको तेस्रो चरणको अपेक्षा कम मात्र रहेको बताइन्छ।

युक्रेनी राजधानीमा, किभमा सेनाहरु अपेक्षित रुसी आक्रमणको लागि तयारी गरिरहेका छन्। रुसी सेना अगाडि बढ्ने बाटोमा विस्फोटकहरू रोप्ने काम गरिरहेका छन्। रुसी सेनाले बाटो पार गर्ने प्रयास गरे भने, युक्रेनीहरूले पुललाई उडाउँनेछन्। किभले पश्चिमलाई आफ्नो सैन्य सहयोग बढाउन आग्रह गरेको छ। मस्कोले युक्रेनका छिमेकीहरूलाई पनि सशस्त्र द्वन्द्वमा संलग्न हुन सक्ने भन्दै किभको सैन्य विमान होस्ट नगर्न चेतावनी दिएको छ।

पश्चिमी सहयोगीहरुले किभलाई बलियो बनाउन युक्रेनमा हतियार, गोलाबारुद र कोषहरू खन्याएका छन्। युरोपको सबैभन्दा ठूलो जापोरिझिया आणविक उर्जा केन्द्रमा शुक्रबार रुसले गरेको आक्रमणपछि युक्रेनको आणविक स्थलहरूको सुरक्षाको बारेमा पनि निरन्तर चिन्ता भइरहेको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### युक्रेन संकटः रूसी सेनाद्वारा कीभ, मारिउपोल, खार्किभ, सुमीमा युद्धविराम घोषणा

मस्को, २३ फागुन, (रासस-एएनआई/स्पुतनिक)।

रूसी सशस्त्र सेनाले युक्रेनको राजधानी कीभ, मारिउपोल, खार्किभ सुमी शहरहरू छोड्नका लागि बिहान १०:०० बजे (०७०० जत) देखि युद्धविराम घोषणा गरेको छ। सो कुरा बिभिन्न सञ्चार माध्यमले सोमबार युक्रेनमा मानवीय प्रतिक्रियाका लागि अन्तरविभागीय समन्वय मुख्यालयलाई उद्धृत गर्दै उल्लेख गरेका छन्।

"बिपत्तिजनक मानवीय अवस्था र कीभ, खार्किभ, सुमी र मारिउपोल शहरहरूमा यसको तीव्र उग्रतालाई ध्यानमा राख्दै, साथै फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले गर्नुभएको व्यक्तिगत अनुरोधमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले रूसी सशस्त्र सेनालाई मानवीय उद्देश्यका लागि युद्धविराम घोषणा गर्न निर्देशन दिनुभएको हो।

यसैबीच संयुक्त राष्ट्रसङ्घ, ओएससीई, आईसीआरसी र अन्य अन्तरराष्ट्रिय संस्थाका सान्दर्भिक संरचनाहरूलाई सञ्चारमाध्यमलगायत सबै उपलब्ध सूचना स्रोतहरूमार्फत जानकारी गराइएको छ। "हामी माग गर्दछौं कि युक्रेनी पक्षले उल्लिखित दिशाहरूमा मानवीय कोरिडोरहरू सिर्जना गर्नका लागि सबै शर्तहरू कडाइका साथ पूरा गर्न र नागरिक र विदेशी नागरिकहरूको संगठित दस्ता फिर्ता सुनिश्चित गर्नुपर्दछ," स्पुतनिकले जनाएको छ।

### बेलायतले युक्रेनलाई थप १० करोड अमेरिकी डलर सहयोग गर्ने

लन्डन बेलायत, २३ फागुन, (रासस-एएनआई/स्पुतनिक)।

युक्रेनमा जारी रुसी सैन्य कारबाहीकाबीच बेलाइतले कीभलाई थप १० करोड अमेरिकी डलर सहयोग गर्न लागेको डाउनिङ स्ट्रीटले सोमबार जनाएको छ। "सोमबार घोषणा गरिएको थप १०० मिलियन डलर कोषले २२,००० सैनिकहरूलाई प्रशिक्षण दिने, २,००० ट्याङ्क विरोधी क्षेप्यास्त्रहरू आपूर्ति गर्ने, आर्थिक सुधार र ऊर्जा स्वतन्त्रताका लागि ६ १०० मिलियन उपलब्ध गराउने, र ६ १२० मिलियन उपलब्ध गराउने लगायातका छन्।

स्वतन्त्रता, र विपद् आपतकालीन समिति (म्भ्ऋ) को अपीलमा ६ २५ मिलियन म्याच कोष सहित ६ १२० मिलियन मानवीय सहायता प्रदान गर्ने, "डाउनिङ स्ट्रीटले बताएको छ। बेलायती सरकारका अनुसार नयाँ अनुदान सार्वजनिक क्षेत्र र समर्थन गर्न प्रयोग गर्न सकिने छ। उक्त सहयोग विश्व बैंक मार्फत उपलब्ध गराइनेछ।

यसैबीच, अमेरिकी तल्लो सदनकी सभामुख न्यान्सी पेलोसीले आइतबार कंग्रेसले युक्रेनलाई मानवीय, सैन्य र आर्थिक सहयोगका लागि १० अर्ब अमेरिकी डलर दिने घोषणा गर्नुभएको छ। डोनेट्स्क र लुहान्स्क जनवादी गणतन्त्र (डीपीआर र एलपीआर) ले कीभ सेनाहरू विरुद्ध आफूलाई बचाउन मद्दतको लागि अपील गरेपछि फेब्रुअरी २४ मा रूसले युक्रेनमा "विशेष सैन्य अपरेशन" शुरु गरेको हो। रुसले आप्नो विशेष अपरेशनको उद्देश्य युक्रेनलाई निशस्त्रीकरण र गर्नु हो र केवल सैन्य पूर्वाधारलाई लक्षित गरिएको छ। मस्कोले बारम्बार जोड दिँदै आएको छ कि उसको युक्रेन कब्जा गर्ने कुनै योजना छैन। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका अनुसार डोनबासका जनतालाई जोगाउने लक्ष्य रहेको छ, "जो आठ वर्षदेखि कीभ शासनद्वारा दुर्व्यवहार र नरसंहारको शिकार भएका छन्।"

रुसको अपरेशनको प्रतिक्रियामा, पश्चिमी देशहरूले मस्को विरुद्ध व्यापक प्रतिबन्ध अभियान चलाएका छन् जसमा धेरै रूसी अधिकारीहरू र संस्थाहरू, मिडिया र वित्तीय संस्थाहरूलाई लक्षित गर्ने हवाई क्षेत्र बन्द र प्रतिबन्धात्मक उपायहरू समावेश छन्।

### जापानद्वारा आफ्ना नागरिकलाई रुस यात्रा नगर्न चेतावनी

टोकियो जापान, २३ फागुन, (रासस-एएनआई/स्पुतनिक)।

जापानी विदेश मन्त्रालयले युक्रेनका घटनाहरूलाई लिएर देशमा लगाइएको प्रतिबन्धका बीच आफ्ना नागरिकहरूलाई रुसको यात्रा नगर्न सल्लाह दिएको छ।

विदेश मन्त्रालयले रुसको लागि जोखिमको स्तर बढाएको छ ("स्तर ३"), जापानी नागरिकहरूलाई जुनसुकै उद्देश्यले भए पनि रुसको भ्रमण नगर्न आग्रह गरेको छ। युक्रेनसँग सीमा जोडिएका रुसी क्षेत्रहरूका लागि शीर्ष "स्तर ४" को चेतावनी दिइएको छ।जापानी विदेश मन्त्रालयले रुसमाथि लगाइएको प्रतिबन्धलाई "अझै बलियो" बनाउन सकिने बताएको छ।

मन्त्रालयको तथ्याङ्कअनुसार हाल रुसमा २ हजार ४ सय जापानी नागरिक रहेका छन्। डोनेट्स्क र लुहान्स्क जनवादी गणतन्त्र (डीपीआर र एलपीआर) ले किभ सेनाहरू विरुद्ध आफ्नो रक्षा गर्न मद्दतको लागि अपील गरेपछि फेब्रुअरी २४ मा, रूसले युक्रेनमा विशेष सैन्य अपरेशन शुरु गर्यो। रुसले आफ्नो विशेष अपरेशनको उद्देश्य (अ) सैनिकीकरण गर्नु रहेको बताएको छ।

रुसको अपरेशनको प्रतिक्रियामा, पश्चिमी देशहरूले मस्को विरुद्ध व्यापक प्रतिबन्ध अभियान चलाएका छन् जसमा धेरै रूसी अधिकारीहरू, संस्थाहरू, मिडिया, र वित्तीय संस्थाहरूलाई लक्षित गर्ने हवाई क्षेत्र बन्द गर्ने र प्रतिबन्धात्मक उपायहरू समावेश छन्।

# बहुक्षेत्रिय पोषण सम्बन्धी अभिमुखिकरण सम्पन्न



**दैनिक समाचारदाता**
**राजबिराज, २३ फागुन ।**

राजबिराज वडा नं. १४ परसाहीमा वडा स्तरिय पोषण तथा खाध सुरक्षा निर्देशक समितिको एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

आईतबार राजबिराज नगरपालिकाको सहयोगमा राजबिराज १४ स्थित वडा कार्यालय परसाहीमा वडामा पोषणको स्तरमा सुधार ल्याउन र खाध सुरक्षाको ग्यारेन्टी गर्ने उद्देश्य अभिमुखिकरण बैठकको आयोजना गरिएको हो ।

सो अवसरमा वडा अध्यक्ष सुबालाल मण्डलले चेतनाको अभावका कारण कुपोषण बढेकोले जनचेतना फैलाउनु पर्नेमा जोड दिए ।

नगरमा गर्भवति, सुत्केरी महिलाहरूलाई कुपोषणमा सुधार ल्याउन बैठकको आयोजना गरिएको नगर पोषण सहजकर्ता रंजिता यादबले बताईन । गर्भवति तथा सुत्केरी महिलाहरूलाई खानपान, स्याहार र सरफाईमा उचित ध्यान दिन तथा जनचेतना फैलाउनका लागि सुनौलो हजार दिनका महिलाहरूलाई शिशु स्याहार गर्न र कुपोषण दर घटाउन सहजिकरण गरिएको नगरपालिका सहजकर्ता यादबले बताईन ।

बैठकमा महिलाहरूलाई शिशु स्याहारसँगै उनीहरूलाई हरेक बार खाना चार अर्थात अन्य, दलहन, पहलो फलफुल, सागसब्जी र पशुजन्य खाना खुवाउन गरि चार समुहका खाना खुवाउनु पर्नेमा बताईएको छ ।

सुनौलो हजार महिलाहरूलाई बानी समेत व्यवहार र बालबालिकाहरूको कुपोषित हुन नदिन अभिमुखिकरण बैठकले टेवा पुग्ने बताईएको छ ।

सो अवसरमा वडा सचिव चेतनारायण यादब, पत्रकार चन्दन कुमार यादव लगायत वडा सदस्य, महिला स्वयमसेविका, शिक्षक/शिक्षिका लगायतको उपस्थिति रहेको थियो ।

# अघि बढाइयो नोबेललाई कारबाहीको प्रक्रिया

काठमाडौं, २३ फागुन (रासस) ।

चिकित्सा शिक्षा आयोगले विराटनगरस्थित नोबेल मेडिकल कलेजलाई कारबाहीको प्रक्रिया अगाडि बढाएको छ । प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिको लगी सोमबार बसेको बैठकमा आयोगका उपाध्यक्ष डा श्रीकृष्ण गिरीले एमबिबिएस अध्ययनका लागि अतिरिक्त शुल्क लिएको र विद्यार्थीलाई अनावश्यक तनाव दिएको भन्दै कारवाही प्रक्रिया अगाडि बढाएको बताउनुभयो ।

उहाँले कलेजको एमबिबिएस कोटा घटाउने, कोटा खारेज गर्ने तथा सम्बन्धन खारेज गर्ने जस्ता कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको बताउनुभयो । “अतिरिक्त शुल्क नलिनु भनेर हामीले धेरै पहिलेदेखि कलेजलाई भन्दै आएका थियौं”, उहाँले भन्नुभयो, “तर कलेजले विद्यार्थीबाट अतिरिक्त शुल्क उठाउनुका साथै विद्यार्थीलाई अनाश्यक तनाव दिएकाले कारबाही प्रक्रिया अगाडि बढाएका छौं ।” उहाँले आगामी चैत ४ गते बस्ने बोर्ड बैठकले कारबाहीबारे निर्णय गर्ने बताउनुभयो ।

आयोगका सदस्य सचिव डा भोजराज काफ्लेले कलेजले छात्रबासका नाममा अतिरिक्त शुल्क उठाउने गरेको पाइएकाले नउठाउन निर्देशन दिएको बताउनुभयो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव हरि लम्सालले कलेजले विद्यार्थी समस्या एक हप्ताभित्र समाधान नगरे कारबाही प्रक्रिया अघि बढ्ने बताउनुभयो ।

बैठकमा समिति सभापति जयपुरी घर्तीले मेडिकल कलेजले कानूनले तोकेकोभन्दा बढी नै शुल्क लिने गरे तापनि नियन्त्रण गर्न कठिनाइ भएको बताउनुभयो । “एमबिबिएस शुल्कमा केही नियन्त्रण त भएको छ । तर सबै भएको छैन”, उहाँले भन्नुभयो, “कानुनले तोकेकोभन्दा बढी नपाउने गराउनुपर्दछ ।”

उहाँले कलेजले छात्राबास र अनेक बहानामा अतिरिक्त शुल्क लिने गरेको बताउनुभयो । उहाँले तत्काल आयोग, कलेज र जिल्ला प्रशासनसँग समन्वय गरेर विद्यार्थीलाई पढ्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । सभापति घर्तीले तीन महिना पढाइ छुटेका विद्यार्थीलाई पुनःकक्षा सञ्चालन गर्न कलेजलाई निर्देशन दिनुभयो ।

कलेजमा अध्ययनरत १० विद्यार्थीले समितिमा कलेजले आफूहरुसँग अतिरिक्त शुल्क मागेको र नदिएपछि विगत तीन महिनादेखि पठनपाठन गर्न नदिएको भन्दै उजुरी दिएका छन् । आयोगले उपत्यका बाहिर एमबिबिएस अध्ययनका लागि रु ४४ लाख ३६ हजार तोकेको छ ।

समिति सदस्य तथा पूर्वशिक्षामन्त्री गिरिराजमणि पोखरेलले कानूनी झन्झट खुकुलो बनाएर विद्यार्थीलाई स्थानान्तरण गर्नुपर्ने बताउनुभयो । “विद्यार्थीको माग स्थानान्तरण रहेको छ । बरु कानुन प्रावधान खुकुलो बनाएर विद्यार्थीलाई अन्य कलेजमा भर्ना गर्नुपर्दछ”, उहाँले भन्नुभयो । सांसद एकल मियाँले मुलुकका कानुन, ऐन नमान्ने मेडिकल कलेजलाई कारबाही गर्नुपर्ने बताउनुभयो ।

समिति बैठकमा सांसदले आयोगले तोकेकोभन्दा बढी शुल्क लिन खोज्ने नोबेल कलेजलाई कारबाही नगर्ने आयोग पदाधिकारीलाई कारबाही हुनुपर्ने बताउनुभएको छ । समिति सदस्य योगेश भट्टराईले तीन महिना बितिसक्दा पनि आयोगले विद्यार्थीको समस्या समाधान गर्न नसकेको भन्दै आयोगका पदाधिकारी जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

“विद्यार्थीको समस्याबारे आयोग संवेदनशील भएन । आयोगका पदाधिकारीलाई स्पष्टीकरण सोध्नुपर्छ”, उहाँले भन्नुभयो, “आयोगले नै तोकिएको शुल्कमा पढ्ने व्यवस्था कलेजमा गर्नुपर्छ ।” सांसद जीवनराम श्रेष्ठले कलेजले बढी शुल्क लिंदा पनि आयोग पदाधिकारी चुप लागेर बस्नु गैरजिम्मेवारीपन भएको बताउनुभयो ।

“कलेजले बढी शुल्क लिनेलाई कारबाही गर्ने अधिकार पाएको छ”, उहाँले भन्नुभयो, “तर आयोगले किन कारबाही नगरेर मुकदर्शक भएर बसेको छ । आयोग पदाधिकारीले पदीय जिम्मेवारी नै निर्वाह गर्नुभएन ।” उहाँले विद्यार्थीलाई सोही कलेजमा पढ्नसक्ने वातावरण गर्न नसके अयन्त्र स्थानान्तरण गर्नुपर्ने बताउनुभयो ।

सांसद नवीना लामाले विद्यार्थीको समस्याबारे आयोग संवेदनशील नभएको बताउनुभयो । उहाँले भन्नुभयो, “कलेजले सरकारलाई टेरेको छैन । मुलुकका नियम कानुन नमान्ने कलेजलाई कारबाही गर्नुपर्‍यो ।”

# कांग्रेस सर्लाहीको निर्वाचन स्थगित

सर्लाही, २३ फागुन (रासस) ।

नेपाली कांग्रेस सर्लाहीको निर्वाचन स्थगित भएको छ । आन्तरिक विवादका कारण सोमबारका लागि तय भएको निर्वाचन अनिश्चित समयका लागि स्थगित गरिएको निर्वाचन समितिले जनाएको छ ।

विशेष परिस्थितिका कारण निर्वाचन गराउन नसकिएको भन्दै अर्को सूचना प्रकाशित नहुञ्जेलसम्मका लागि निर्वाचन स्थगित गरिएको निर्वाचन अधिकृत नागेश्वरप्रसाद सिंहले जानकारी दिनुभयो ।

उहाँका अनुसार सोमबार बिहान ९ बजेदेखि सुरु हुने भनिएको निर्वाचन दिउँसो १:१५ बजे सूचना टाँसेर स्थगित गरिएको हो । निर्वाचन स्थगित भएपछि मतदानस्थल पब्लिक माध्यमिक विद्यालय बाहिर कांग्रेसका स्थानीय नेता कार्यकर्ताले नाराबाजी गरेका थिए ।

सोमबार हुने भनिएको निर्वाचनका लागि सर्लाहीका २० स्थानीय निकायका २०० वडाबाट छानिएका क्षेत्रीय प्रतिनिधि मतदानस्थलमा पुगेका थिए । पदाधिकारी र सदस्य गरी ९३ जना चयन गर्न जिल्लामा तीन हजार २८७ जना क्षेत्रीय प्रतिनिधि अर्थात् मतदाता रहेका छन् ।

कांग्रेस सर्लाहीको सभापतिमा संस्थापन पक्ष अर्थात् सभापति शेरबहादुर देउवा पक्षबाट सुरेन्द्रप्रसाद सिंह र शेखर कोइराला पक्षबाट लक्ष्मण रायको प्यानल चुनावी मैदानमा छन् ।

# निर्वाचनका लागि माओवादी केन्द्रले तोक्यो सातै प्रदेशको इन्चार्ज

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ फागुन ।**

आगामी निर्वाचनका लागि माओवादी केन्द्रले विभिन्न जिल्लाहरूलाई समेटेर कमाण्ड बनाएको छ । सोमबार सम्पन्न पार्टी केन्द्रीय समिति बैठकले इन्चार्ज पनि तोकेको छ ।

जसअनुसार प्रदेश १ को इन्चार्ज राम कार्कीलाई बनाएको छ । यस्तै मधेस प्रदेशको इन्चार्ज गणेश शाह, बागमतीमा हितमान शाक्य, गण्डकीमा हितराज पाण्डे, लुम्बिनीमा चक्रपाणि खनाल, कर्णालीमा कालीबहादुर मल्ल, सुदूरपश्चिममा खगराज भट्ट, सम्पर्क समन्वय प्रदेशमा डिलाराम आचार्य र उपत्यका विशेष समन्वय प्रदेशमा लिलामणि पोखरेल चयन भएका छन् ।

प्रदेश इन्चार्जले प्रदेशभित्रका पार्टी केन्द्रीय समिति सदस्यहरुको बैठक राखेर ती प्रदेशभित्रका जिल्लाहरूलाई विभिन्न समूहमा विभाजन गरेर कमाण्ड बनाउनेछन् भने ती कमाण्डले फेरि तल्लो तहसम्म अर्को कमाण्ड बनाएर चुनावी गतिविधिलाई सशक्त बनाउने माओवादीको तयारी छ ।


मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*